# TBML सम्बन्धी प्रशिक्षण कार्यक्रम सम्पन्न




वित्तीय जानकारी इकाईको समन्वयमा एशियाली विकास बैंक (Asian Development Bank-ADB) को सहयोगमा मिति २०८० वैशाख २८ र २९ गते काठमाडौं मेरियट होटेलमा आयोजित आयात तथा निर्यात व्यापारको माध्यमबाट हुन सक्ने सम्पत्ति शुद्धीकरण (Trade Based Money Laundering-TBML) सम्बन्धी दुई दिने प्रशिक्षण/अन्तरक्रिया/कार्यशाला कार्यक्रम सम्पन्न भएको छ । सो कार्यक्रममा नेपाल बैंकर्स संघ, सम्पूर्ण वाणिज्य बैंकहरु, भन्सार विभाग, नेपाल प्रहरी, राजश्व अनुसन्धान विभाग, आन्तरिक राजश्व विभाग, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, महान्याधिवक्ताको कार्यालय, विशेष सरकारी वकील कार्यालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, नेपाल राष्ट्र बैंकका बैंक सुपरिवेक्षण विभाग तथा विदेशी विनिमय व्यवस्थापन विभाग र वित्तीय जानकारी इकाईका कर्मचारीहरुको सहभागिता रहेको थियो ।




उक्त कार्यक्रमको उद्घाटन सत्रमा बोल्दै नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर डा. नीलम ढुङ्गाना (तिम्सिना) ले नेपालको केन्द्रीय बैंक, वाणिज्य बैंकहरु तथा सम्बद्ध सरकारी निकायहरु वित्तीय कारवाही कार्यदल (एफएटीएफ) तथा अन्य अन्तर्राष्ट्रिय मान्यता र मापदण्ड अनुसार TBML तथा समस्त सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी कार्यमा निरन्तर अघि बढिरहेको बताउनुभयो । भूपरिवेष्ठित भूगोल, खुला सिमाना तथा आयातमूखी अर्थतन्त्रका कारण व्यापार सम्बन्धी जोखिम बढी हुन सक्ने र हाल भइरहेको नेपालको पारस्परिक मूल्याङ्कनले समेत यो विषयलाई गम्भीरतापूर्वक लिएको हुँदा सम्बन्धित सबै सरोकारवालाहरुले यस सम्बन्धी पहिचान, रिपोर्टिङ्ग, सुपरिवेक्षण, अनुसन्धान, मुद्दा अभियोजन तथा फैसलाको प्राथमिकतामा राख्नुपर्ने बताउनुभयो ।

ADB को नेपालस्थित मिशनका प्रतिनिधि Arnaud Heckmann ले ADB अन्तर्गतको Trade and Supply Chain Finance Program (TSCFP) कार्यक्रमले TBML सम्बन्धी शंकास्पद कारोवारको

रिपोर्टिङ्गको लागि बङ्गलादेश, मंगोलिया, पाकिस्तान, श्रीलंका तथा नेपालमा Pilot कार्यक्रम लागु गरेको र प्रशिक्षण कार्यक्रमहरु आयोजना गरेको बताउनुभयो । उहाँले आउदा दिनमा समेत यस्ता कार्यक्रमको निरन्तरता हुने प्रतिवद्धता जनाउनुभयो । दुई दिनसम्म चलेको सो कार्यक्रममा स्रोत व्यक्ति Nathan Lynch, Gavin Coles र Catherine Estrada ले विभिन्न विषयहरुमा सैद्धान्तिक र प्रयोगात्मक प्रशिक्षण प्रदान गर्नुभएको थियो । ADB-TSCFP का Catherine Estrada तथा Jules Guiang ले कार्यक्रमको संयोजन गरेका थिए ।



दुवै दिनको समापन कार्यक्रममा बोल्दै इकाईका निर्देशक दीर्घ बहादुर रावलले इकाई ADB सँग समन्वयमा रहेको तथा TBML सम्बन्धी शंकास्पद कारोवारलाई रिपोर्ट गर्न goAML प्रणालीमा छुट्टै व्यवस्था समेत गरिएको जानकारी दिनुभयो । प्रशिक्षण कार्यक्रम निकै नै लाभदायी भएको बताउदै उहाँले आयोजनाका लागि ADB लाई तथा सक्रियताका लागि सम्पूर्ण सहभागीहरुलाई धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

